# डोटेली भाषाको अध्ययन

**नरेन्द्र बहादुर बोगटी**

**परीक्षा क्रमाङ्क : २८२१२१/०६८**

**त्रि.वि.दर्ता नं.: ६-१-५९-४५-२००४**

**त्रिभुवन विश्वविद्यालय शिक्षाशात्र केन्द्रीय विभाग अन्तर्गत**
**नेपाली भाषा शिक्षा, स्नातकोत्तर तह, द्वितीय वर्षको**
**पाठ्यांश नेपा.शि.५९८ को**
**प्रयोजनार्थ**
**प्रस्तुत**

## शोधपत्र

**२०७०/2013**

**शिक्षाशास्त्र कन्द्रीय विभाग**
**नेपाली भाषा शिक्षा**
**त्रि.वि., कीर्तिपुर**

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र नरेन्द्र बहादुर बोगटीले नेपाली विषय विशिष्टीकरणको पाठ्यांश ५९८ को प्रयोजनार्थ **डोटेली भाषाको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्य सन्तोषजनक रहेकाले यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७०/०८/३०

Dec.15,2013

....................................

श्री गणेश बहादुर बोहरा
नेपाली भाषा शिक्षा विभाग
विश्वविद्यालय क्याम्पस
कीर्तिपुर

# त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङकाय

# नेपाली भाषा शिक्षा विभाग

# कीर्तिपुर

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र नरेन्द्र बहादुर बोगटीले नेपाली विषय विशिष्टीकरणको पाठ्याांश ५९८ को प्रयोजनार्थ प्रस्तुत **डोटेली भाषाको अध्ययन** शीर्षकको शोधपत्र स्नातकोत्तर तह नेपाली विषयको निम्ति उपयुक्त भएकाले यसको आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

| नाम | हस्ताक्षर |
|---|---|
| (१) प्रा.डा.सुषमा आचार्य (विभागीय प्रमुख) | ........................... |
| (२) प्रा महेश्वर न्यौपाने (शोध विशेषज्ञ) | ........................... |
| (३) श्री गणेश बहादुर बोहरा (शोधनिर्देशक) | .......................... |

मिति : २०७०/०९/१४

Dec.29,2013

# कृतज्ञताज्ञापन

शोध कार्य निश्चय नै जटिल र कठिन हुँदो रहेछ, त्यसमा पनि भाषा जस्तो गहन विषयमा झनै कठिन । भाषा आफैमा महासागर हो जहाँ अनेक अमूल्य रत्नहरू लुकेर रहेका हुन्छन् । यस्ता भाषिक रत्नहरूको जति अध्ययन, अनुसन्धान र प्रकाशन गर्न सक्यो उति नै भाषा समृद्ध र विकसित हुँदै जाने कुरामा दुई मत देखिदैंन । भाषिक महासागरबाट एउटा रत्न निकालेर मैले पनि सानो धृष्टता गरेको छु जसले केही मात्रामा भएपनि डोटेली भाषा र संस्कृतिका बारेमा चासो राख्नेलाई चट्नीसम्म अवश्य हुनेछ ।

प्रस्तुत 'डोटेली भाषाको अध्ययन' शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको आवश्यकता पूर्तिका लागि तयार पारिएको हो । बृहत सुदुरपश्चिम र कर्णाली क्षेत्रमा बोलिने डोटेली भाषामा प्रयुक्त कथ्य भेदको उच्चारण व्यवस्था, रूपायन प्रक्रिया, कारक र विभक्ति प्रयोगको अध्ययन गरिनुका साथै डोटेली भाषामा प्रचलित विभिन्न किसिमका मौलिक शब्दहरू समाविष्ट यस अध्ययनले डोटेली भाषाका बारेमा जानकारी राख्ने जोसुकैलाई पनि सही दिशा पहिचान गराउन सहयोग गर्ने छ ।

प्रस्तुत शोधकार्य लेखनमा प्रारम्भदेखि नै यसलाई परिमार्जन तथा परिष्कृत तुल्याई अन्तिम रुप दिन व्यस्तताका बाबजुत पनि निरन्तर अमूल्य सुझाव, निर्देशन साथै प्रेरणादायी सल्लाह दिनुहुने शोधनिर्देशक श्रद्धेय गुरू गणेश बहादुर बोहराज्युप्रति कृतज्ञ छु । शोधपत्र तयार पार्ने क्रममा आफ्ना सुझाव प्रदान गरेर सहयोग पुऱ्याउनु हुने नेपाली भाषा शिक्षा विभागका प्रमुख प्रा.डा. सुषमा आचार्य, प्रा.डा. पारसमणि भण्डारी लगायत सम्पूर्ण गूरूवरप्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसै गरेर यो शोधपत्रलाई पूर्णता दिनका लागि मैले अध्ययन गरेका विभिन्न पुस्तक, कृति, शोधपत्र, पत्रिका तथा लेखहरूका स्रष्टाप्रति सदा ऋणी रहने छु ।

जीवनका हरेक कठिनाइलाई पनि वास्ता नगरी आफ्नो सन्तानप्रति हरपल समर्पित रहनु हुने मेरा पुजनीय बुबा पदम बहादुर बोगटी र आमा बाटुदेबी बोगटीको योगदान आजीवन अविस्मरणीय रहेको छ । विद्यालय जीवनको सुरुवातदेखि आजसम्म हरेक बिघ्नबाँधाहरूसँग जुध्दै मेरो अध्ययनप्रति सदा उत्साह र सहयोग गर्ने प्यारो भाइ कर्ण बहादुर बोगटी र बहिनी हंसा कुमारी बोगटीको समर्पण भावप्रति नमस्तक छु । आफ्ना विविध समस्यालाई प्रवाह नगरी मेरो अध्ययन कार्यमा सधै स्वतन्त्र वातावरण उपलब्ध गराउने श्रीमती गोमादेबी बोगटी, छोरी निरुता सिँह बोगटी र छोरा निश्चल सिँह बोगटीप्रति विशेष आभारी छु ।

मेरो यस शोधकार्यमा सामग्री उपलब्ध गराएर सहयोग गरिदिनुहुने सुदुर चिनारीका सम्पादक एन. के. जोशी र सामग्री सङ्कलन सहयोगी आदरणीय दाजु जनक बोगटीलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै कम्प्युटर टङ्कन गरी सहयोग गर्ने परममित्र ईश्वरी ओझालाई मुरीमुरी धन्यवाद दिँदै यो शोधकार्य पूर्ण गर्नमा प्रत्यक्ष-अप्रत्यक्ष रुपमा सहयोग र सल्लाह प्रदान गर्नुहुने सम्पूर्ण साथी सहपाठीहरूलाई हार्दिक धन्यवाद टकयाउँछु ।

अन्तमा, यस शोधकार्यमा भए गरेका कमिकमजोरी र त्रुटिहरूलाई विनम्र स्वीकार गर्दै उचित मूल्याङ्कनका लागि नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस कीर्तिपुरसमक्ष पेश गर्दछु ।

शोधार्थी

नरेन्द्र बहादुर बोगटी

# शोधसार

| | | |
|---|---|---|
| शोधशीर्षक | : | **डोटेली भाषाको अध्ययन** |
| शोधार्थी | : | नरेन्द्र बहादुर बोगटी |
| शोधनिर्देशक | : | श्री गणेश बहादुर बोहरा |
| विभाग/क्याम्पस | : | शिक्षाशास्त्र केन्द्रीय विभाग |
| | | नेपाली भाषा शिक्षा विभाग त्रि.वि., काठमाडौँ |
| शैशिक वर्ष | : | २०६७/०६९ |
| पृष्ठ | : | ७५+२५ = १०० |
| जम्मा अध्याय | : | पाँच |

## शोध प्रक्रिया

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो ।

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य डोटेली भाषाको अध्ययन गर्नु रहेको छ । यस अन्तर्गत उच्चारण व्यवस्था, रूपायन प्रक्रिया, कारक र विभक्ति प्रयोगका साथै डोटेली भाषाका विशेषताहरू पनि उल्लेख गरिएको छ। प्रस्तुत शोधकार्यको अध्ययनका लागि डोटी जिल्लाका दि.सि.न.पा., खातिवडा, बगलेक, डौड, तोलेनी र छपाली गा.वि.स.लाई परिधीय नमुना छनोटका रुपमा लिइएको छ । जनसङ्ख्या छनोटमा प्रत्येक गा.वि.स.बाट १०/१० जना र न.पा.बाट २५/२५ जना महिला र पुरुष (शिक्षक, विद्यार्थी, दलित, मलित, युवा, बृद्ध) लाई समेटिएको छ ।विभिन्न पेशा, वर्ग, लिङ्ग, क्षेत्र, जाती र समुदायका वक्ताहरूसँग फरक समय, परिवेश, सन्दर्भ र स्थानमा विविध विषय, वस्तुका बारेमा छलफल, अवलोकन

जस्ता विधिबाट तथ्याङ्क र सूचनाहरू सङ्कलन गरिएको छ । डोटेली भाषामा प्रकाशित हुने विभिन्न पत्रिका, बुलेटिन, लेखहरू, कैंयौ सम्बन्धित भाषाका रेडियो कार्यक्रमहरू र शब्दकोशलाई मुख्य रुपमा आधार मानेर सामग्री सङ्कलन पश्चात् यो शोधकार्यलाई पूर्णता प्रदान गरिएको छ । विभिन्न प्रश्नावलीका साथै मौखिक अर्न्तवार्ता, अनौपचारिक कुराकानी आदि प्रयोगात्मक पद्धतिद्वारा अध्ययन र सामग्री सङ्कलन गर्ने प्रयास गरिएको छ ।

यस अनुसन्धानमा सम्पूर्ण जनसङ्ख्याको प्रत्येक एकाइलाई नमुनाका रुपमा छान्ने सम्भावना नहुने हुनाले अनुसन्धाताको ज्ञान, विवेक र अनुभवमा भर पर्ने असम्भाव्य नमुना छनोट पद्धति अन्तर्गतको विशेष उद्देश्य वा प्रयोजनका लागि नमुना छनोट गर्ने प्रयोजनमूलक नमुना छनोट पद्धतिबाट अनुसन्धान गर्ने काम गरिएको छ । विशेष प्रयोजन वा उद्देश्य पूर्तिका लागि जानी बुझी यो पद्धति अङ्गिकार गरिएको छ ।

पाँच अध्यायमा विभाजित यस शोधपत्रमा विशेष गरेर डोटेली भाषासँग सम्बन्धित सत्य-तथ्यहरू समेटिएको छ । जसमा क्रमशः शोध परिचय, सैद्धान्तिक रूपरेखामा डोटेली भाषाको परिचय र विशेषता, डोटेली भाषामा उच्चारण व्यवस्था, डोटेली भाषामा रूपायन प्रक्रिया, डोटेली भाषामा कारक र विभक्ति प्रयोगको अवस्था र उपसंहार रहेका छन । परिशिष्टभित्र डोटेली भाषामा प्रयुक्त मौलिक शब्दहरू पनि समावेश गरिएको छ ।

## शोध निष्कर्ष

(१) डोटेली भाषाका स्वरवर्णका उच्चारण व्यवस्थालाई हेर्दा कतै स्वरागमको स्थिति त कतै स्वर लोपको स्थिति भेटिन्छ ।

(२) डोटेली भाषामा नेपाली भाषाका व्यञ्जन वर्णको उच्चारण व्यवस्थाको पूर्णतः पालना नगरी वक्तागत र स्थानीयताका बीचको भिन्नताका कारण भिन्न उच्चारण हुने गरेको देखिन्छ ।

(३) डोटेली भाषामा शब्दहरूको उच्चारण गर्दा कही समीभवन (सुत्नु - सिनु), कही अल्पप्राणीभवन (बाघ - बाग), कही स्वरागम (कसले - कइले) त कतै स्वरलोप (आकाश - अगास), कतै भिन्न ध्वनिको प्रवेश हुनु (भाखा - भाषा) हुने गरेको स्थिति देखिन्छ ।

(४) स्तरीय नेपाली र डोटेली भाषामा एउटै अर्थ बुझाउने शब्दहरू फरक - फरक तरिकाले उच्चारण हुने गरेको पाइन्छ ।

(५) डोटेली भाषामा नाम र सर्वनाम शब्दको वचनका आधारमा रूपायन गर्दा नेपाली भाषामा एकवचनका शब्दहरूलाई बहुवचन बनाउँदा प्रयोग गरिने 'हरू' प्रत्ययका सट्टामा 'मौ' साथै उन, आन, इन, आ जस्ता प्रत्ययको प्रयोग गरिन्छ, भने कतिपय अवस्थामा एकवचनका शब्दहरूलाई बहुवचनमा रूपायन गर्दा खेरी कुनै पनि चिन्हको प्रयोग गरिदैंन ।

(६) डोटेली भाषामा कर्मवाच्य ('द्वारा' विभक्ति) को प्रयोग गरिएको पाइदैन् ।

(७) डोटेली भाषामा क्रियालाई अकरण बनाउदा आदि, मध्य र अन्त्यमा नै/नइ, जन, नाइ न जस्ता अकरणबोधक प्रत्यय पाइन्छन् जुन नेपालीमा 'न' ले मात्र काम चलाइन्छ ।

## विषयसूची


| शीर्षक | पेज नं. |
| --- | --- |
| **अध्याय एक : शोध परिचय** | **१-६** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याकथन | ३ |
| १.३ अध्ययन अनुसन्धानको सान्दर्भिकता | ४ |
| १.४ शोधकार्यका उद्देश्य | ५ |
| १.५ अध्ययनको औचित्य | ५ |
| १.६ अध्ययनको सीमाङ्कन | ६ |
| १.७ अध्ययनको रूपरेखा | ६ |
| **अध्याय दुइ : पूर्वकार्यको अध्ययन र सैद्धान्तिक रूपरेखा** | **७-२२** |
| २.१ सम्बन्धित साहित्यको अध्ययन | ७ |
| २.२ पूर्व अध्ययनको महत्त्व | ११ |
| २.३ सैद्धान्तिक परिचय | १२ |
| २.३.१ डोटेली भाषाको परिचय | १२ |
| २.३.२ डोटेली भाषाको विकासक्रम | १३ |
| २.३.३ डोटेली भाषाका भेदहरू | १५ |
| २.३.४ डोटेली भाषाका विशेषताहरू | १७ |
| **अध्याय तिन : अध्ययन विधि र शोध प्रक्रिया** | **२३-२७** |
| ३.१ विषय प्रवेश | २३ |
| ३.२ अध्ययनको ढाँचा | २३ |
| ३.२.१ जनसङ्ख्या र नमुना अथवा अध्ययनको क्षेत्र | २४ |
| ३.२.२ नमूना छनोट पद्धति | २४ |
| ३.२.३ तथ्यांक सङ्कलनका साधनहरू | २४ |
| ३.२.४ तथ्यांक विश्लेषण र मूल्याङ्कन | २५ |
| ३.२.५ सारांश | २६ |

**अध्याय चार : परिणाम, छलफल र विश्लेषण** **२८-६३**

४.१ डोटेली भाषामा उच्चारण व्यवस्था २८

४.१.१ स्वर वर्णको उच्चारण २८

४.१.२ व्यञ्जन वर्णको उच्चारण ३२

४.२ डोटेली भाषाको रूपायन प्रक्रिया ३५

४.२.१ नाम शब्दको रूपायन ३५

(क) वचनका आधारमा रूपायन ३६

(ख) लिङ्गका आधारमा रूपायन ३७

(ग) आदरका आधारमा रूपायन ३७

(घ) कारकका आधारमा रूपायन ३८

४.२.२ सर्वनाम शब्दको रूपायन ३९

(क) वचनका आधारमा रूपायन ३९

(ख) पुरुषका आधारमा रूपायन ४०

(ग) आदरका आधारमा रूपायन ४१

(घ) कारकका आधारमा रूपायन ४२

४.२.३ विशेषण शब्दको रूपायन ४२

(क) वचनका आधारमा रूपायन ४२

(ख) लिङ्गका आधारमा रूपायन ४३

(ग) आदरका आधारमा रूपायन ४४

(घ) कारकका आधारमा रूपायन ४५

४.२.४ क्रिया शब्दको रूपायन ४६

(क) वचनका आधारमा रूपायन ४६

(ख) लिङ्गका आधारमा रूपायन ४७

(ग) पुरुषका आधारमा रूपायन ४८

(घ) आदरका आधारमा रूपायन ४८

(ङ) कालका आधारमा रूपायन ४९

(च) पक्षका आधारमा रूपायन ५०

(छ) भावका आधारमा रूपायन ५१

(ज) वाच्यका आधारमा रूपायन ५२
(झ) धुर्वीयताका आधारमा रूपायन ५३
४.३ कारक र विभक्तिको प्रयोग ५४
४.३.१ अर्थका आधारमा कारकको रूपायन ५५
(क) कर्ता कारकका आधारमा रूपायन ५५
(ख) कर्म कारकका आधारमा रूपायन ५६
(ग) करण कारकका आधारमा रूपायन ५७
(घ) सम्प्रदान कारकका आधारमा रूपायन ५७
(ङ) अपादान कारकका आधारमा रूपायन ५८
(च) सम्बन्ध कारकका आधारमा रूपायन ५९
(छ) अधिकरण कारकका आधारमा रूपायन ५९
४.३.२ रुप/संरचनाका आधारमा रूपायन ६०
(क) सरल कारकका आधारमा रूपायन ६०
(ख) तिर्यक कारकका आधारमा रूपायन ६१
सारांश ६२

**अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता** **६४-७२**
५.१ सारांश ६४
५.२ निष्कर्ष ६७
५.३ उपयोगिता ७१
**सन्दर्भ सामग्री सूची** **७३-७५**
**परिशिष्ट/व्यक्तिवृत**

# तालिका सूची


| तालिका नं. | विवरण | पेज नं. |
|---|---|---|
| तालिका नं.१ | डोटेली भाषामा स्वर वर्णको उच्चारण | २९ |
| तालिका नं.२ | डोटेली भाषामा द्विस्वर वर्णको उच्चारण | ३० |
| तालिका नं.३ | डोटेली भाषामा व्यञ्जन वर्णको उच्चारण | ३२ |
| तालिका नं.४ | वचनका आधारमा नाम शब्दको रूपायन | ३६ |
| तालिका नं.५ | लिङ्गका आधारमा नाम शब्दको रूपायन | ३७ |
| तालिका नं.६ | आदरका आधारमा नाम शब्दको रूपायन | ३८ |
| तालिका नं.७ | कारकका आधारमा नाम शब्दको रूपायन | ३९ |
| तालिका नं.८ | वचनका आधारमा सर्वनाम शब्दको रूपायन | ४० |
| तालिका नं.९ | पुरुषका आधारमा सर्वनाम शब्दको रूपायन | ४० |
| तालिका नं.१० | आदरका आधारमा सर्वनाम शब्दको रूपायन | ४१ |
| तालिका नं.११ | कारकका आधारमा सर्वनाम शब्दको रूपायन | ४२ |
| तालिका नं.१२ | वचनका आधारमा विशेषण शब्दको रूपायन | ४३ |
| तालिका नं१३ | लिङ्गका आधारमा विशेषण शब्दको रूपायन | ४४ |
| तालिका नं१४ | आदरका आधारमा विशेषण शब्दको रूपायन | ४५ |
| तालिका नं.१५ | कारकका आधारमा विशेषण शब्दको रूपायन | ४५ |
| तालिका नं.१६ | वचनका आधारमा क्रियापद शब्दको रूपायन | ४६ |
| तालिका नं.१७ | लिङ्गका आधारमा क्रियापद शब्दको रूपायन | ४७ |
| तालिका नं.१८ | पुरुषका आधारमा क्रियापद शब्दको रूपायन | ४८ |
| तालिका नं.१९ | आदरका आधारमा क्रियापद शब्दको रूपायन | ४९ |
| तालिका नं.२० | कालका आधारमा क्रियापद शब्दको रूपायन | ५० |
| तालिका नं.२१ | पक्षका आधारमा क्रियापद शब्दको रूपायन | ५१ |
| तालिका नं.२२ | भावका आधारमा क्रियापद शब्दको रूपायन | ५२ |
| तालिका नं.२३ | वाच्यका आधारमा क्रियापद शब्दको रूपायन | ५३ |
| तालिका नं.२४ | ध्रुवीयताका आधारमा क्रियापद शब्दको रूपायन | ५३ |
| तालिका नं.२५ | कारक र विभक्तिको प्रयोग | ५५ |

| | | |
|---|---|---|
| तालिका नं.२६ | कर्ता कारक र प्रथमा विभक्ति | ५६ |
| तालिका नं.२७ | कर्म कारक र द्वितीया विभक्ति | ५६ |
| तालिका नं.२८ | करण कारक र तृतीया विभक्ति | ५७ |
| तालिका नं.२९ | सम्प्रदान कारक र चतुर्थी विभक्ति | ५८ |
| तालिका नं.३० | अपादान कारक र पञ्चमी विभक्ति | ५८ |
| तालिका नं.३१ | सम्बन्ध कारक र षष्ठी विभक्ति | ५९ |
| तालिका नं.३२ | अधिकरण कारक र सप्तमी विभक्ति | ६० |
| तालिका नं.३३ | सरल कारक | ६१ |
| तालिका नं.३४ | तिर्यक कारक | ६१ |

# सङ्क्षेप र पूर्ण रुप

| | |
|---|---|
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नेपा. | नेपाली |
| शि. | शिक्षा |
| वि.सं. | विक्रम संवत |
| गा.वि.स. | गाउँ विकास समिति |
| दि.सि.न.पा. | दिपायल सिलगढी नगर पालिका |
| प्रा. | प्राध्यापक |
| डा. | डाक्टर |
| रो.नं. | रोल नम्बर |
| द.नं. | दर्ता नम्बर |
| स्व. | स्वर्गीय |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| नं. | नम्बर |
| सु.प. | सुदुर पश्चिम |